# बिर्तामोड राजपत्र


बिर्तामोड नगरपालिका, बिर्तामोड, झापाद्वारा प्रकाशित

खण्ड : ३ सङ्ख्या : ५ असार ३१ गते, २०७९

भाग १


## सवत् २०७९ को ऐन नं. ५
## बिर्तामोड नगरपालिकाको कर तथा गैहकर राजस्व लगाउने र उठाउने सम्बन्धी ऐन, २०७९

प्रमाणीकरण मिति : २०७९ असार २७ गते

**प्रस्तावना :**

बिर्तामोड नगरपालिकाको समग्र विकासका लागि नगरपालिकाले राजस्व लगाउने तथा उठाउने सम्बन्धमा कानूनी व्यवस्था गर्न वान्छनीय भएकाले, बिर्तामोड नगरपालिकाको दोस्रो नगर सभाको पहिलो अधिवेशनले नेपालको संविधानको धारा २२६ को उपधारा (१) बमोजिम यो ऐन बनाएको छ ।





## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम "बिर्तामोड नगरपालिकाको कर तथा गैर कर राजस्व लगाउने र उठाउने सम्बन्धी विधयेक, २०७९" रहेको छ ।

(२) यो ऐन बिर्तामोड नगरपालिकाभर लागू हुनेछ र यस ऐन बमोजिमको कर वा राजस्व बुझाउनु पर्ने दायित्व भएको व्यक्ति जहाँसुकै रहे बसेको भए पनि निजको हकमा समेत लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागे मा यस ऐनमा,

(क) "कम्पनी" भन्नाले प्रचलित नेपाल कानून बमोजिम संस्थापन भएको कम्पनी सम्झनुपर्छ र सो शब्दले प्रचलित नेपाल कानून बमोजिम स्थापित संगठित संस्थालाई समेत जनाउँछ ।

(ख) "कर" भन्नाले परिच्छेद ४ बमोजिम लागेको वा लाग्ने कर सम्झनुपर्छ ।

(ग) "कर अधिकृत" भन्नाले बिर्तामोड नगरपालिकाले दफा ६ बमोजिम नियुक्त गरेको कर अधिकृत सम्झनुपर्छ र सो शब्दले कर अधिकृतको रुपमा काम गर्न जिम्मेवारी सुम्पेको वा कर अधिकृतको प्रत्यायोजित अधिकार प्रयोग गर्ने नगरपालिकाको अधिकृतस्तरको कर्मचारीलाई समेत जनाउँछ ।

(घ) "कर एकाई" भन्नाले बिर्तामोड नगरपालिकामा कर सम्बन्धी काम, कारवाही र निर्णयगर्ने नगरपालिकाको शाखा वा सो प्रयोजनको लागि तोकिएको कार्यालयको रूपमा रहेको नगरपालिका अन्तर्गतको संगठन संरचना सम्झनुपर्छ ।

(ङ) "करदाता" भन्नाले कर तिर्नुपर्ने कर्तव्य भएको व्यक्ति सम्झनुपर्छ र सो शब्दले कर अधिकृतले कुनै करको विवरण बुझाउन

सूचना दिएको वा अरुकुनै कारवाही प्रक्रिया शुरु गरेको व्यक्तिलाई समेत जनाउँछ।

(च) “कर निर्धारण” भन्नाले कर निर्धारण सम्झनुपर्छ र सो शब्दले पुनःकर निर्धारण र अतिरिक्त कर निर्धारणलाई समेत जनाउँछ।

(छ) “गैरकर राजस्व” भन्नाले परिच्छेद -१४ बमोजिम लाग्ने वा लागेको गैरकर राजस्व सम्झनुपर्छ।

(ज) “परिवार” भन्नाले प्राकृतिक व्यक्तिको पति, पत्नी र अंशछुट्टिए वा नछुट्टिएका नावालिग सन्तान सम्झनुपर्छ।

(झ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले बिर्तामोड नगरपालिकाको प्रशासकीय प्रमुखको रुपमा कामगर्ने कर्मचारी सम्झनुपर्छ।

(ञ) “फर्म” भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको जुनसुकै फर्म सम्झनुपर्छ।

(ट) “व्यक्ति” भन्नाले कर तिर्नुपर्ने दायित्व भएको जुनसुकै व्यक्ति सम्झनुपर्छ।

(ठ) “सभा” भन्नाले बिर्तामोड नगरपालिकाको नगर सभा सम्झनुपर्छ।

(ड) “स्थानीय सरकार” भन्नाले स्थानीय तहको कार्यकारिणी अधिकार प्रयोग गर्ने बिर्तामोड नगरपालिका सम्झनुपर्छ।

(ढ) “संविधान” भन्नाले नेपालको संविधान सम्झनुपर्छ।

(ण) “नगरपालिका” भन्नाले बिर्तामोड नगरपालिका सम्झनुपर्छ।

३. **व्याख्या :**

यो ऐनमा परिभाषा गरिएका शब्दहरुको सोही अनुसार र अरुमा प्रचलित कानून व्याख्या सम्बन्धी संघीय विधयेक तथा  दफा ४ बमोजिमका सिद्धान्तका आधारमा गरिनेछ।





## परिच्छेद-२
## राजस्व सम्बन्धी सामान्य सिद्धान्त

४. **कर तथा गैरकर राजस्व सम्बन्धी सामान्य सिद्धान्त :**

(१) कर राजस्व देहायका सिद्धान्तलाई आधार लिई लगाइनेछ :

(क) कर तिर्न सक्ने क्षमताका आधारमा,

(ख) कर प्रणाली समानता र न्यायमा आधारित रहने गरी,

(ग) सरल, पारदर्शी र मितव्ययी हुने गरेर,

(घ) नागरिकलाई सुविधाहुने किसिमबाट,

(ङ) स्वेच्छिक रुपमा कर तिर्न प्रेरित हुने वातावरण सृजना गरेर,

(च) करको आधार, करको दर र कर तिर्ने अवधी निश्चित गरेर,

(छ) पश्चातदर्शी असर नपर्ने गरेर।

(२) गैरकर राजस्व लगाउँदा र उठाउँदा उपलब्ध गराइने सेवा, सहुलियत र सुबिधाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मानी लगाइने र उठाइनेछ।

## परिच्छेद-३
# कर प्रशासन सम्बन्धी व्यवस्था

**५. कर प्रशासन :**

(१) नेपालको संविधानको व्यवस्था अनुरुप आफ्नो अधिकार क्षेत्रभित्रको कर तथा गैरकरको प्रशासन बिर्तामोड नगरपालिकाले गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कर प्रशासन व्यावसायिक, दुरुस्तर प्रभावकारी बनाउन कर एकाई रहनेछ । कर अधिकृतले कर एकाईको आवश्यकता अनुसार अनुगमन र नियमन गर्नेछ ।

**६. कर्मचारी सम्बन्धी व्यवस्था :**

(१) नगरपालिकाबाट स्वीकृत दरवन्दी अनुसारका बिभिन्न तहका कर्मचारी कर एकाईमा रहन सक्नेछन् ।

(२) कर एकाईमा नगरपालिकाले प्रचलित कानून बमोजिम स्वीकृत दरवन्दीका आधारमा एक वा सो भन्दा बढी तहका कर अधिकृतहरु, कर सहायक तथा सहयोगीहरुलाई काममा आवश्यकता अनुसार लगाउन सक्नेछ ।

**७. कर अधिकृतको काम, कर्तव्य र अधिकार :**

यस ऐनमा अन्यत्र उल्लेख भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त कर अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) करदाता दर्ता गर्ने ।

(ख) करदाताबाट विवरण प्राप्त गर्ने ।

(ग) कर परीक्षण तथा अनुसन्धान गर्ने ।

(घ) कर संकलन गर्ने ।

(ङ) कर तथा गैरकर राजस्व चुहावट रोक्न आवश्यक कार्य गर्ने ।

(च) कर दातामैत्री वातावरण बनाउन उपयुक्त र आवश्यक कार्य गर्ने ।

(छ) कर सम्बन्धी जनचेतना अभिवृद्धि गर्न कार्यक्रम सञ्चालन गर्ने ।

(ज) कर कानून र कर प्रशासनका क्षेत्रमा सुधार गर्नुपर्ने बिषयमा नगरपालिकालाई सुझाव दिने।

(झ) राजस्वको प्रक्षेपण गर्न आवश्यक सूचना उपलब्ध गराउने ।





(ञ) करदाताका खातापाता र हरहिसाव दुरुस्त राख्न लगाउने।

(ट) कर सम्बन्धी अभिलेख दुरुस्त राख्ने ।

(ठ) कर सम्बन्धी अन्य काम गर्ने ।

**८. अधिकार प्रत्यायोजनः**

(१) नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले संविधान र यस कानून बमोजिम आफूमा रहेको कर तथा गैरकर राजस्व उठाउने अधिकार कर अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) कर अधिकृतले आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार आफ्नो सामान्य रेखदेख र नियन्त्रणमा रहने गरी आफू मातहतको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) कर अधिकृतले आफूलाई प्राप्त अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा स्थानीय सरकारबाट कुनै खास निर्देशन भएकोमा सोही बमोजिम गर्नुपर्नेछ ।

**९. प्रत्यायोजित अधिकार र जिम्मेवारी :**

(१) दफा ८ बमोजिम प्रत्यायोजन गरिएको अधिकारको जिम्मेवारी अधिकार प्रत्यायोजन गर्ने अधिकारीमा रहनेछ ।

(२) दफा ८ बमोजिम प्रत्यायोजित अधिकार प्रयोग गर्नेले सो अधिकारको प्रयोग गर्दा अधिकार प्रत्यायोजन गर्नेप्रति उत्तरदायी रही प्रयोग गर्नुपर्नेछ ।

## परिच्छेद - ४
# कर राजस्व सम्बन्धी व्यवस्था

१०. **सम्पत्ति कर :**

(१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेको सम्पत्तिकर लगाउने भनी तोकेको घर र जग्गामा नगर सभाले तोकेको दरले सम्पत्ति कर लगाउने र उठाउनेछ ।

(२) उपदफा (१) बमोजिमको सम्पत्ति कर लगाउने भनी तोकेको घर र जग्गा बाहेकका अन्य जग्गा भएमा नगर सभाले तोके बमोजिम भूमिकर (मालपोत) लगाउनु र असुल उपर गर्नुपर्नेछ ।

(३) नगरपालिकाले आफ्नो क्षेत्रभित्रको घरजग्गाको अभिलेख प्रत्येकबर्ष दुरुस्त मिलाई राख्नुपर्नेछ ।

(४) सम्पत्ति कर निर्धारणका लागि सम्पत्ति मूल्यांकन देहाय बमोजिम गरिनेछ :

(क) घरको वनौट (कच्ची वा पक्की) ।

(ख) घर जग्गासँग सडक वा बाटो जोडिएको वा नजोडिएको र जोडिएको भएपक्की, कच्ची वा गोरेटो जस्तो बाटोको प्रकृति र राजमार्ग, मुख्य सडक वा सहायक सडकसंगको दुरी ।

(ग) घर जग्गाको व्यापारिक वा आवासीय उपयोगको अवस्था ।

(घ) सम्पत्ति मूल्यांकन गर्दा अनुसुची १ बमोजिम ह्रासकट्टीगरी खुद सम्पत्ति कायम गरिनेछ ।

(ङ) खण्ड (घ) बमोजिम कायम भएको खुद सम्पत्तीमा सात प्रतिशत मर्मत संभार खर्च कट्टी गर्न दिइनेछ ।

(५) उपदफा (४) बमोजिम घरजग्गा मूल्यांकन गर्न देहायको घरजग्गा मूल्यांकन समिति गठन गर्न सक्नेछ :

(क) नगरपालिकाले तोकेको ईञ्जिनियर वा प्राविधिक - संयोजक

(ख) नगरपालिकाले तोकेको घरजग्गा सम्बन्धी बिज्ञ एक जना - सदस्य





(ग) कर एकाईको प्रमुख - सदस्य सचिव

(६) घरजग्गा मूल्यांकन समितिले नगरपालिकाको कुनै पदाधिकारी वा अधिकृत वा अन्यकुनै विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(७) घरजग्गा मूल्यांकन समितिले अवधिक रुपमा घरजग्गा मूल्यांङनका आधार र दररेटको सुझाव सिफारिस गर्न सक्नेछ ।

(८) घरजग्गा मूल्यांकन समितिले बैठकको कार्यविधी आफै निर्धारण गर्न सक्नेछ ।

(९) सम्पत्ति करको प्रयोजनको लागि सम्पत्तिको स्वामित्व देहायको व्यक्तिमा रहेको मानिनेछ:

(क) आर्थिक बर्षको पहिलो दिन जुन सम्पत्ति जसको स्वामित्वमा रहेको छ सो सम्पत्ति सोही व्यक्तिको नाममा ।

(ख) कुनै सम्पत्ति एकभन्दा बढी व्यक्तिहरुको संयुक्त स्वामित्वमा रहेकोमा स्वामित्व स्पष्ट भएकोमा सोही अनुसार र अन्यथा सबैको बराबर हक ।

(१०) करदाताले प्रत्येक वर्ष स्वयंकर निर्धारण गरी आश्विन मसान्तभित्र नगरपालिकामा विवरण पेश गर्नुपर्नेछ ।

(११) यस दफा बमोजिम दाखिला गर्नुपर्ने कर प्रत्येक आर्थिक वर्षको आश्विन मसान्त भित्र कर एकाईमा दाखिला गर्नुपर्नेछ ।

(१२) नाबालकको नाममा रहेको सम्पत्तिमा लाग्ने सम्पत्तिकर दाखीला गर्ने दायित्व निजको संरक्षक वा माथवर व्यक्तिको हुनेछ ।

११. **घरजग्गा बहालकर :**

(१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र वहालमा लगाएको घरको आकार, प्रकार, बनौट र चर्चेको जग्गा (प्लिन्थ एरिया) को आधारमा नगर सभाले तोकेको दरले घरजग्गा बहाल कर लगाई असुल उपर गर्नेछ ।

**स्पष्टीकरण :**

यस दफाको प्रयोजनको लागि घर भन्नाले भवन, गोदाम, टहरा, छप्पर (सेड), कारखाना र यस्तै पक्की वा कच्चा संरचना सम्झनुपर्छ ।

(२) घर बहालमा लगाउने व्यक्ति घर बहालकरको करदाता हुनेछ ।

कम्पनी वा संस्था मार्फत घर बनाई घर बहालमा दिएको हकमा उक्त कम्पनी वा संस्था घर बहालकरको करदाता हुनेछ।

(३) घर बहालमा दिंदा प्रत्येक घरधनीले सम्झौता गरी त्यस्तो सम्झौताको प्रति वा सम्झौतामा संशोधन गरिएमा सोको विवरण सो कार्य भएको मितिले पैंतीस दिन भित्र कर एकाईमा पेश गर्नुपर्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कार्यालय, कम्पनी, फर्म, एजेन्सी, परामर्शदाता वा जुनसुकै प्रकारको संगठित संस्थाले घर बहालमा लिएकोमा बहाल भुक्तानी गर्दा अग्रीम करकट्टी गरी घरधनीका तर्फबाट कर एकाईमा घरबहाल कर बुझाउन पर्नेछ।

(५) उपदफा (४) बमोजिम अग्रीम करकट्टी गरी दाखिला गर्नुपर्ने घर वहालकर करकट्टी भएको महिनापछिको महिनाको २५गतेभित्र दाखिला गर्नुपर्नेछ।

(६) घर बहालको प्रयोजनको लागि नगरपालिकाले न्यूनतम मासिक घरबहाल रकम निर्धारण गरी लागु गर्न सक्नेछ।

(७) न्यूनतम मासिक घरबहाल रकम निर्धारण सम्बन्धी अन्य व्यवस्था निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ।

(८) घर वहालमा दिने घरधनीले घर वहालकरको विवरण प्रत्येक आर्थिक वर्षको आश्विन मसान्तभित्र पेश गर्नुपर्नेछ।

(९) यस दफा बमोजिम दाखिला गर्नुपर्ने कर प्रत्येक आर्थिक वर्षको आश्विन मसान्तभित्र दाखिला गर्नुपर्नेछ।

(१०) एक आर्थिक वर्षको घर वहालकर एकमुष्ट अग्रिम रुपमा श्रावण महिनाभित्र दाखिला गर्ने घरधनीलाई घरबहाल करमा नगर सभाले तोके बमोजिम छुटदिन सकिनेछ।

१२. **घर जग्गा रजिष्ट्रेसन शुल्क** :

(१) नगरपालिकाले घर, जग्गा वा घरजग्गा रजिष्ट्रेसन शुल्क लगाई उठाउन सक्नेछ।

(२) नगरपालिकाले उपदफा (१) बमोजिम घर, जग्गा वा घरजग्गा रजिष्ट्रेसन शुल्क उठाउँदा अन्तर सरकारी वित्त व्यवस्थापन





विधयेक, २०७४ बमोजिम प्रदेशले लगाएको घर, जग्गा वा घरजग्गा रजिष्ट्रेसन शुल्क समेत उठाउनुपर्नेछ।

(३) नगरपालिका क्षेत्रभित्र घर, जग्गा वा घरजग्गा रजिष्ट्रेसन पारितगरी गराई स्वामित्व प्राप्तगर्ने व्यक्तिले घर, जग्गा वा घरजग्गा रजिष्ट्रेसन शुल्क बुझाउनुपर्नेछ।

(४) घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन शुल्क स्वामित्व हस्तान्तरण गर्दाको समयमा बुझाउनुपर्नेछ।

(५) घरजग्गा रजिष्ट्रेशन शुल्क प्रत्येक कारोबारको लिखतमा उल्लेख भएकोथैली वा सो प्रयोजनको लागि निर्धारण गरिएको न्यूनतम रकम बमोजिम त्यस्तो घर, जग्गा वा घरजग्गा रजिष्ट्रेशन गर्ने कार्यालयबाट असूलउपर गरिनेछ।

(६) घर, जग्गा वा घरजग्गाको स्वामित्व प्राप्तगर्ने व्यक्ति महिला नागरिक भएमा उपदफा (१) बमोजिम लाग्ने शुल्कमा २५प्रतिशत रकम छुट हुनेछ।

(७) संघीय, प्रदेश र स्थानीय सरकार तथा सरकारी निकायलाई रजिष्ट्रेशन शुल्क लाग्ने छैन।

(८) नगरपालिकाले घरजग्गा रजिष्ट्रेशन पारित गर्दाको अवस्थामा नेपाल सरकारले तोकेको दरमा पुंजीगत लाभकर असुलगरी तोकेको राजस्व खातामा जम्मा गर्नुपर्नेछ।

(९) यो दफा बमोजिमको शुल्क उठाउन नगरपालिकालाई संघीय तथा प्रदेश सरकारबाट हस्तान्तरण भइ आएपछी शुल्कको दर तोकी उठाउने व्यवस्था गरिनेछ।

१३. **सवारी साधन कर** :

(१) नगरपालिकाले सवारी साधन कर लगाउन सक्नेछ।

**स्पष्टीकरण** :

यस दफाको प्रयोजनको लागि "सवारीसाधन" भन्नाले यान्त्रिक तथा विद्युत शक्तिबाट सडकमा चल्ने अटो रिक्सा, तीनपांग्रे वा दुईपांग्रे सवारी साधन सम्झनुपर्छ।

(२) उपदफा (१) बमोजिम सवारी साधनकर लगाउदा सवारी साधनको प्रकृति र क्षमताका आधारमा समान प्रकृतिका सवारी साधनलाई

समानदर कायम हुनेगरी लगाइनेछ ।

(३) प्रत्येक वर्षको आश्विन मसान्तमा सवारी साधनधनीले यस दफा बमोजिमको कर दाखिला गर्नुपर्नेछ।

१४. **भूमिकर (मालपोत)** :

(१) नगरपालिकाले भूमिकर (मालपोत) लगाई उठाउन सक्नेछ ।

(२) यस विधयेक बमोजिम सम्पत्तिकर लाग्ने घर र जग्गा बाहेकको अन्य जग्गामा भूमिकर (मालपोत) लाग्नेछ र त्यस्तो जग्गाको जग्गाधनीले भूमिकर (मालपोत) तिर्नुपर्नेछ ।

(३) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार र कूटनीतिक नियोगको नाममा भएका जग्गामा भूमिकर (मालपोत) लाग्ने छैन ।

(४) प्राकृतिक प्रकोपको अवस्था वा अन्य गम्भीर परिस्थितिमा नगरपालिकाले आधार र कारण खोली त्यसबाट प्रभावित सबैले समान सुबिधा पाउनेगरी भूमिकर (मालपोत) मा छुट वा मिनाहा दिने निर्णय गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम छुटदिने निर्णय भएकोमा सो निर्णय भएको मितिले पन्ध्र दिनभित्र त्यसको सूचना नगरसभाको बैठक चलेको भए नगरसभामा पेश गर्नुपर्नेछ र बैठक नचलेको भए त्यसपछि वस्ने नगरसभाको पहिलो वैठकले पारित गर्नुपर्नेछ ।

(६) नगरपालिकाले यस दफा बमोजिमको भूमिकर (मालपोत) आफैले उठाउन वा नेपाल सरकार अन्तर्गतको कुनै कार्यालयमार्फत उठाउने व्यवस्था गर्न सक्नेछ ।

(७) भूमिकर (मालपोत) प्रत्येकवर्ष आश्विन महिनाभित्र कर एकाई वा सम्बन्धित वडा कार्यालयमा बुझाउनु पर्नेछ ।

(८) नगरपालिकाले प्राकृतिक प्रकोपको अवस्था वा विशेष परिस्थिति सिर्जना भएकोमा आधार र कारण खोली नगरपालिकाभर वा त्यसको कुनै खास क्षेत्र तोकी सो क्षेत्रको जग्गाको भूमिकर बुझाउने म्याद बढाउन सक्नेछ।सो म्यादभित्र भूमिकर (मालपोत) बुझाएकोमा म्यादभित्र बुझाएको मानिनेछ र थप शुल्क लाग्नेछैन।

१५. **मनोरन्जन कर** :

(१) नगरपालिकाले चलचित्र घर, भिडियोघर, सांस्कृतिक प्रदर्शन





हल, कन्सर्ट जस्ता मनोरन्जन स्थलमा देखाइने मनोरन्जनका साधनमा मनोरन्जनकर लगाई उठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको मनोरञ्जन कर मनोरन्जन स्थलको संचालकले मनोरन्जनको लागि टिकट बिक्री गर्दाको अवस्थामा असुल गर्नेछ । यसरी असुल भएको मनोरन्जन कर नगरपालिकाको राजश्व खातामा दाखिला गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम उपभोक्ताबाट असूल गरेको मनोरन्जनकरको रकम असूल गरेको महिना भन्दा पछिको महिनाको २५ गते भित्र कर एकाईमा दाखिला गर्नुपर्नेछ।

१६. **विज्ञापन कर** :

(१) नगरपालिकाले होर्डिग बोर्डमा विज्ञापन कर लगाई असुल गर्न सक्नेछ ।

(२) नगरपालिकाले उपदफा (१) बमोजिमको विज्ञापनकर शुल्क उठाउँदा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेशले लगाएको विज्ञापन कर समेत उठाउनु पर्नेछ । यसरी असुल भएको विज्ञापन कर रकममध्ये पालिकाले लगाएको सबै र प्रदेशले लगाएको विज्ञापन करको तोकेको रकम नगरपालिकाको संचित कोषमा दाखिला गरी प्रदेशले लगाएको बांकी रकम प्रदेश संचित कोषमा दाखिला गर्नुपर्नेछ ।

(३) विज्ञापन कर विज्ञापन राख्न अनुमतिका लागि निवेदन दिनेबाट असूल गरिनेछ ।

(४) यस दफा बमोजिमको विज्ञापन सामाग्री राख्न नगरपालिकाबाट अनुमति लिनुपर्नेछ ।

(५) उपदफा (४) बमोजिमको अनुमतिपत्र दिँदा सर्वसाधारण जनताको हित सम्बन्धी अन्यकुराका अतिरिक्त विज्ञापन राख्नपाउने अवधि, नवीकरण गर्नुपर्ने समय नवीकरण नगरेमा लाग्ने शुल्क सौन्दर्य विगार्न नहुनेकुरा, सामाग्रीको भाषिक शुद्धता र शालीनताजस्ता शर्त किटान गरिएको हुनुपर्नेछ ।

(६) कुनै कम्पनी, फर्म, एजेन्सी, संस्था वा व्यक्तिले अरुकसैले प्रायोजन गरेको सूचनापाटी (होर्डिंगबोर्ड) राखेमा यस दफा

बमोजिमको विज्ञापनकर सम्बन्धित प्रायोजकबाट असूलगरी कर एकाई वा सो शाखाले तोकेको बैंकखातामा दाखिला गर्नुपर्नेछ ।

(७) नेपाल सरकार वा प्रदेश सरकार वा सरकारी संस्थाका जग्गा वा सम्पत्तिमा विज्ञापन सामाग्री राखेमा कर उठाउनुअघि कर एकाईले सो निकायसंग समन्वयगरी कर असुल गर्नुपर्नेछ ।

(८) व्यापारिक वा व्यावसायिक प्रयोजनका लागि राखिएका विज्ञापनमा लागेको कर छूट वा मिनाहाहुन सक्नेछैन ।

(१०) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारकातर्फबाट राखेका विज्ञापनमा कर लाग्नेछैन ।

१७. **व्यवसाय कर :**

(१) नगरपालिकाले आफ्नो क्षेत्रभित्रको व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसायदर्तामा र नवीकरणमा वार्षिक व्यवसायकर लगाउन र उठाउन सक्नेछ ।

(२) एकै व्यक्तिले आफ्नो नाममा एक वा एकै प्रकृतिका व्यवसाय वा शाखा एक वा सो भन्दाबढी स्थानमा संचालन गरेकोमा ६० दिनभित्र सोको जानकारी कर एकाईलाई दिनुपर्नेछ ।

(३) यस दफा बमोजिमको व्यवसाय कर बार्षिक रुपमा बुझाउनु पर्नेछ । कुनै करदाताले आर्थिक बर्षको व्यवसाय कर आर्थिक बर्षको असोज मसान्तभित्र बुझाएमा त्यस वापत लाग्ने रकममा १० प्रतिशतले छुट दिइनेछ ।

(४) करदाताले व्यवसाय संचालन गर्दा निवेदन साथ पेश गरेका विवरणमा हेरफेर परिवर्तन वा नामसारी गर्नुपर्ने भएमा त्यसको कारण परेको मितिले साठी दिनभित्र कर एकाईमा जानकारी दिनुपर्नेछ ।

(५) कर अधिकृतले करदाताले यस दफा बमोजिम पेश गरेका विवरण छानविन गरी अन्यथा देखिए यथार्थ विवरण पेश गर्न तीस दिनको म्याद दिई करदातालाई सूचना दिन सक्नेछ ।

(६) एकपटक व्यवसाय दर्ता भएपछि दर्ता खारेजीको निवेदन नपरेसम्म सो व्यवसाय संचालनमा रहेको मानी कर असुल गरिनेछ ।

(७) कुनै करदाताले लाग्ने कर बुझाई व्यवसाय दर्ता खारेज गर्न निवेदन दिन सक्नेछ ।





## परिच्छेद-५
## करदाता दर्ता सम्बन्धी व्यवस्था

१८. **कर दाताको पहिचान तथा दर्ता :**

(१) कर एकाईले यस विधयेक बमोजिम करतिर्नुपर्ने व्यक्ति वा करदाताको पहिचान गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम करदाताको पहिचान गर्दा व्यक्ति वा करदाताको नाममा रहेको सम्पत्ति, निजले गरेको कारोवार र कर एकाईलाई कुनैस्रोतबाट प्राप्त सूचना र सो शाखाले छानविन गर्दा देखिएका आधारमा करदाताको पहिचान गरिनेछ ।

(३) कर एकाईले यस विधयेक बमोजिम करतिर्नुपर्ने दायित्व भएका करदाताको विवरण खुलाई करदाता दर्तागरी राख्नुपर्नेछ ।

(४) नेपाल सरकारबाट स्थायी लेखानम्बर लिएका करदाताले कर सम्बन्धी कारोबारगर्दा सोहि नम्बरको प्रयोग गर्नुपर्नेछ ।

१९. **करदाताको दायित्व :**

यस विधयेक बमोजिम करतिर्नुपर्ने कर्तव्य भएका करदाताको देहाय बमोजिमको दायित्व हुनेछः

(क) आफूलाई करदाताको रूपमा दर्ता गराउने।

(ख) निर्धारित समयमा विवरण पेशगर्ने।

(ग) निर्धारित समयमा करदाखिला गर्ने।

(घ) यस विधयेक बमोजिम कुनै शुःल्क, जरिवाना वा व्याज बुझाउनुपर्ने भए समयमा बुझाउने।

(ङ) हिसावकिताव र अभिलेख दुरुस्त राख्ने।

(च) कर अधिकृतले मागेको सूचना तथ्याँक समयमा उपलब्ध गराउने।

(छ) कर एकाईलाई आवश्यक सहयोग गर्ने।

२०. **करदाताको अधिकार :**

(१) करदातालाई देहाय बमोजिमको अधिकार हुनेछ।

(क) सम्मानपूर्वक व्यवहारको अधिकार।

(ख) प्रचलित कानुन बमोजिम कर सम्बन्धी सूचना प्राप्त गर्ने अधिकार ।

(ग) कर सम्बन्धी बिषयमा प्रमाण पेश गर्ने मौका प्राप्त गर्ने अधिकार।

(घ) प्रतिरक्षाको लागि कानुन व्यवसायी वा लेखापरिक्षक नियुक्त गर्ने अधिकार ।

(ङ) कर सम्बन्धी गोप्य कुराहरु यस विधयेकमा उल्लेख भए बाहेक अनतिक्रम्य हुने अधिकार ।

(२) करदाताले उपदफा (१) बमोजिमको अधिकारको दावीगर्न आफ्नो दायित्व पूरा गरेको हुनुपर्नेछ ।

२१. **करदाताको प्रतिनिधित्वः**

(१) करदाताको प्रतिनिधित्व करदाताको परिवारको उमेर पुगेको सदस्य, माथवर व्यक्ति वा निजको कानून व्यवसायी वा लेखापाल वा लेखापरीक्षक वा निजले लिखित रूपमा अख्तियारी दिई पठाएको उमेरपुगेको वारेसले गर्न सक्नेछ ।

**स्पष्टिकरण :**

यस दफाको प्रयोजनको लागि उमेर पुगेको भन्नाले अठार वर्ष उमेर पुगेको व्यक्ति सम्झनुपर्छ ।

(२) उपदफा (१) बमोजिम प्रतिनिधित्व गर्नसक्ने व्यक्तिका तर्फबाट गरिएका काम कारवाही करदाता स्वयंले गरेको मानिनेछ ।





## परिच्छेद-६
## विवरण दाखिला सम्बन्धि व्यवस्था

२२. **विवरण दाखिला गर्न आदेश दिन सक्ने :**

(१) यस ऐन बमोजिम कर बुझाउनुपर्ने दायित्व भएको व्यक्तिले कर विवरण नबुझाएमा वा विवरण दाखिला गर्दा व्यहोरा फरकपारी दाखिला गरेको भनी शंकागर्न सकिने आधार र कारण भएमा करअधिकृतले आधार र कारण खोली कर विवरण दाखिला गर्न आदेश दिन सक्नेछ। त्यस्तो आदेश प्राप्त भएमा सम्बन्धित व्यक्तिले सो आदेश प्राप्त भएको मितिले एक महिनाभित्र कर एकाईमा विवरण दाखिला गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको म्यादभित्र विवरण दाखिला गर्न नसक्ने सम्बन्धित व्यक्तिले आधार र कारण खोली समयावधि थपको लागि निवेदन दिएमा कर अधिकृतले तीस दिनसम्मको समयावधि थपदिन सक्नेछ ।

२३. **विवरण सच्याउन सकिने :**

यस परिच्छेद बमोजिमको करविवरण दाखिल भैसकेपछि कुनै तथ्य सम्बन्धी वा गणितीय भूल भएको भन्ने लागेमा करदाताले पहिला विवरण दाखिल भएको मितिले तीन (३) महिनाभित्र यथार्थ, तथ्य र सही अंकसहितको अर्को विवरण पेशगर्न सक्नेछ ।

## परिच्छेद-८
## कर फिर्ता र समायोजन

**२६. कर फिर्ता सम्वन्धी व्यवस्था :**

(१) करदाताले यस ऐन बमोजिम कर बुझाउँदा तिर्नुपर्ने भन्दाबढी करदाखिला गरेकोमा सो कर रकम फिर्ता माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम फिर्ताको लागि निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा करअधिकृतले निवेदन परेको एक महिनाभित्र माग बमोजिम फिर्तादिने निर्णय गर्नुपर्नेछ ।

**२७. कर समायोजन सम्वन्धी व्यवस्था :**

(१) करदाताले दफा २६ बमोजिम फिर्ता पाउने ठहरिएको रकम दाखिला गर्नुपर्ने कर रकममा समायोजन गर्न कर अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा करअधिकृतले निवेदन परेको एक महिनाभित्र माग बमोजिम समायोजन गर्न आदेश दिनुपर्नेछ ।





## परिच्छेद - ९
## कर परीक्षण र कर निर्धारण

**२८. कर परीक्षण र कर निर्धारण :**

(१) यस ऐन वमोजिम करदाताले विवरण पेश नगरेको वा पेश गरेको विवरणमा देहायका सबै वा कुनैकुरा कम भएगरेको देखिएमा कर अधिकृतबाट कर परिक्षण गरी कर निर्धारण गरिनेछः

(क) खातापाता, हरहिसाव वा अभिलेख दुरुस्त नदेखिएमा।

(ख) गलत वा झुट्टा कागजात / विवरण संलग्न गरेको देखिएमा।

(ग) यथार्थ कारोवार नदेखाएको विश्वास गर्नुपर्ने कारण भएमा।

(घ) कारोवारका आधारमा करको दायित्व कम देखाएकोमा।

(ङ) करको दर फरक पारेकोमा।

(च) कानून बमोजिम कर छुट वा मिनाहा हुन नसक्नेमा पनि सोको दावी गरेकोमा।

(२) उपदफा (१) बमोजिम करनिर्धारण गर्नुपर्ने देखिएमा करदातालाई आधार र कारण खुलाई आफ्नो स्पष्टीकरण पेशगर्न तीस दिनको सूचना दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम सूचनाप्राप्त भएकोमा करदाताले सूचनामा तोकिएको म्यादभित्र आफ्नो स्पष्टीकरण पेश गर्नुपर्नेछ ।

(४) कर अधिकृतले उपदफा (३) बमोजिम तोकिएको म्यादभित्र करदाताले स्पष्टीकरण पेश गरेमा सो समेतलाई आधार बनाई र स्पष्टीकरण पेश नगरेमा कानून बमोजिम कर निर्धारण गर्नुपर्नेछ।

(५) स्वयंकर निर्धारण गरी विवरण पेशगरेको मितिले चार बर्षभित्र कर अधिकृतले पुनःकर निर्धारण वा संशोधित कर निर्धारण गर्नुपर्ने सन्तोषजनक आधार र कारण भएमा करदातालाई सफाईको मौका दिई त्यस्तो कर निर्धारण गर्न सक्नेछ।

**२९. कर निर्धारणको सूचना :**

(१) यस ऐन वमोजिम कर अधिकृतवाट कर निर्धारण भएकोमा बुझाउनुपर्ने कर रकम, स्थान, समयसीमा र बैंकखाता नम्बरसमेत उल्लेखगरी करदातालाई कर निर्धारणको सूचना दिनुपर्नेछ ।

(२) यस विधयेक बमोजिमको करदाखीला गर्दा निर्धारणको सूचना प्राप्त भएपछि करदाताले सो सूचनामा उल्लेखित स्थान र समय सीमाभित्र करदाखिला गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम कर रकम बैंक दाखिला गरिएकोमा करदाताले त्यसको सम्बन्धित भौचर सम्बन्धित कार्यालयमा बुझाउनुपर्नेछ ।





## परिच्छेद -१०
## कर संकलन सम्बन्धी व्यवस्था

**३०. कर संकलन सम्बन्धी व्यवस्थाः**

(१) यस ऐन बमोजिम असूलउपर गर्नुपर्ने कर, व्याज र शुल्क वापतको रकम करदाताले यस विधयेकमा तोकिएको अवधिमा दाखिला नगरेमा करअधिकृतले प्रमुख प्रशासकीय अधिकृतको पूर्वस्वीकृति लिई देहायको एक वा एक भन्दा बढी तरिका वमोजिम कर असुल गर्न सक्नेछः

(क) करदातालाई फिर्ता गर्नुपर्ने रकम भए त्यसमा कट्टा गरेर ।

(ख) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा सरकारी स्वामित्वका संस्थाबाट करदाताले पाउने रकमबाट कट्टागर्न लगाएर।

(ग) कुनै तेस्रो व्यक्तिले करदातालाई तिर्नुपर्ने रकम करदाताको पूर्वसहमतिलिई कट्टा गरेर ।

(घ) बैंक वा वित्तीय संस्थामा रहेको करदाताको रकमबाट कट्टा गर्न लगाएर ।

(ङ) करदाताको कारोवार रोक्का गरेर ।

(च) करदाताको चल तथा अचल सम्पत्तिमाथि दावी वा कब्जा गरेर ।

(छ) करदाताको सम्पत्ति एकैपटक वा पटक-पटक गरी तोकिए बमोजिम लिलाम बिक्री गरेर ।

(२) उपदफा (१) को खण्ड (छ) बमोजिम लिलामको कारवाही शुरुभएपछि सो कारवाही समाप्त हुनुपूर्व करदाखिला गर्न ल्याएमा बुझाउन बाँकी कूल रकमको थप पाँच प्रतिशत शुल्क सहित असूल गरिनेछ ।

(३) लिलामबाट प्राप्त रकम करदाताले तिर्नुपर्ने कर रकम भन्दाबढी भएमा वढी भए जति रकम साठी दिनभित्र सम्बन्धित करदातालाई फिर्ता दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम रकम फिर्ता गर्दा निजले उपलब्ध गराएको

बैंक खातामा जम्मा गरिदिनु पर्नेछ ।

३१. **किस्तावन्दीमा कर असुली :**

कुनै खास करदातालाई बिशेष परिस्थितिमा समयमा करतिर्न नसक्ने कारण भई सो कुराको निवेदन गर्न आएमा करअधिकृतले जाँचबुझगर्दा कारण सन्तोषजनक देखिएमा पर्चा खडागरी बढीमा एकबर्षभित्र तीन किस्तामा कर दाखिला गर्न आदेशदिन सक्नेछ । तर ढिला वुझाए वापत यस ऐन बमोजिम लाग्ने व्याज मिनाहा हुनेछैन ।





## परिच्छेद -११
## जरिवाना शुल्क र ब्याज

३२. **जरिवाना लाग्ने :**

यस ऐनको पालना नगरीकरको दायित्व घटाएमा कर अधिकृतले कर बिगोको दश प्रतिशत जरिवाना गर्न सक्नेछ ।

३३. **ब्याज लाग्ने :**

यस ऐन बमोजिम दाखिला गर्नुपर्ने कर समयमा दाखिला नगरेमा तिर्नुबुझाउनुपर्ने रकमको वार्षिक दश प्रतिशत व्याज लाग्नेछ।

३४. **अभिलेख नराखेमा शुल्क लाग्ने :**

यस ऐन बमोजिम अभिलेख राख्नुपर्ने कर्तव्य भएका करदाताले अभिलेख नराखेमा रु.१०००।- शुल्क लाग्नेछ।

३५. **समयमा विवरण दाखिला नगरेमा शुल्क लाग्ने :**

यस ऐन बमोजिम विवरण दाखिला गर्नुपर्ने दायित्व भएका करदाताले समयमा विवरण दाखिला नगरेमा प्रति विवरण रु.१०००।- शुल्क लाग्नेछ।

३६. **झुट्टा विवरण दिएमा शुल्क लाग्ने :**

यस ऐन बमोजिम विवरण दाखिला गर्नुपर्ने दायित्व भएका करदाताले झुट्टा विवरण दाखीला गरी करको दायित्व घटाएमा फरकपरेको कर रकम असुल गरी सोको दश प्रतिशत शुल्क लाग्नेछ ।

३७. **ब्याज नलाग्ने :**

यस ऐन बमोजिम लाग्ने शुल्क व्याज र जरिवानामा पून व्याज लाग्ने छैन।

## परिच्छेद -१२
# पूर्वादेश र प्रशासकीय पुनरावलोकन

३८. **पूर्वादेश माग गर्नसक्ने :**

(१) कुनै करदातालाई यस ऐन बमोजिम लगाइएको कर, दस्तुर, शुल्क वा विधयेकका व्यवस्थाबारे द्विविधा भएमा सोको निराकरणका लागि निजले प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन दिएकोमा प्रमुख प्रशासकीय अधिकृतले द्विविधा निराकरण गर्न पूर्वादेशजारी गरी करदातालाई सो पूर्वादेश उपलव्ध गराउनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकैकुरा लेखिएको भएता पनि अदालतमा विचाराधीन रहेको वा अदालतबाट निर्णय भैसकेको विषयमा यस दफा बमोजिम पूर्वादेशजारी गर्न सकिनेछैन।

(४) उपदफा (१) बमोजिमको पूर्वादेश अदालतको आदेशबाट अन्यथा नभएसम्म कायम रहनेछ ।

३९. **प्रशासकीय पुनरावलोकन हुन सक्ने :**

यस ऐन बमोजिमका देहायको निर्णयमाथि प्रशासकीय पुनरावलोक न हुन सक्नेछ ।

(क) कर अधिकृतले गरेको कर निर्धारण, पुनःकर निर्धारण र संशोधित कर निर्धारण सम्बन्धी निर्णय ।

(ख) यस विधयेक बमोजिम लाग्ने वा लागेको कर र गैरकर राजश्व तथा अन्यदस्तुर, शुल्क, व्याज सम्बन्धी निर्णय।

४०. **प्रशासकीय पुनरावलोकनको प्रक्रिया :**

(१) यस ऐन वमोजिमको करनिर्धारणको निर्णयउपर चित्तनबुझ्ने करदाताले सो निर्णय भएको मितिले ३० दिनभित्र प्रमुख प्रशासकीय अधिकृत समक्ष प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रशासकीय पुनरावलोकनको लागि परेको निवेदन माथि ६० कार्यदिन भित्र कारर्वाही र किनारा गर्नुपर्नेछ ।





## परिच्छेद -१३
# पुनरावेदन

४१. **उजुरी नलाग्ने :**

यस ऐन बमोजिम प्रशासकीय पुनरावलोकन गर्न सकिने विषयमा त्यस्तो पुनरावलोकन नभई कुनै अदालतमा कुनै उजुर लाग्ने छैन ।

४२. **पुनरावेदन दिन सक्ने :**

(१) प्रशासकीय पुनरावलोकनको निर्णय भएकोमा सो मितिले र प्रशासकीय पुनरावलोकन नहुने विषयमा कारण परेको मितिले चित्त नबुझ्ने पक्षले ६० दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

(२) जिल्ला अदालतले गरेको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद -१४
## गैरकर राजश्व

**४३. सेवा शुल्क तथा दस्तुर :**

नगरपालिकाले संविधानको अनुसूची ८ बमोजिमका क्षेत्र र बिषयमा आफूले पुऱ्याएको सेवा वापत सेवा शुल्क तथा दस्तुर लगाई उठाउन सक्नेछ।

**४४. पर्यटन शुल्क :**

(१) नगरपालिकाले आफै निर्माण गरेको पर्यटकीय स्थल, पर्यटन व्यवसाय र पर्यटकीय क्रियाकलापमा पर्यटन शुल्क लगाई उठाउन सक्नेछ। पर्यटकीय क्षेत्रमा उपलव्ध गराएको सेवाको लागत संचालन र संभार खर्चलाई आधार मानि पर्यटन शुल्क लगाउनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नगरपालिकाले आफ्नो क्षेत्र भित्र पर्यटक प्रवेश गरेको आधारमा मात्र पर्यटन शुल्क लगाइने छैन।

**४५. सवारी साधन पार्किङ शुल्क :**

नगरपालिकाले आफूले निर्माण वा व्यवस्था गरेको सवारी साधन पार्किङ स्थलमा सवारी साधन पार्किङ शुल्क लगाई उठाउन सक्नेछ। तर नेपाल सरकार र प्रदेश सरकारले निर्माण गरेका राष्ट्रिय र प्रदेश स्तरका राजमार्गको छेउछाउ वा पेटिमा पार्किंग शुल्क उठाउन सक्ने छैन।

**४६. बहाल विटौरी शुल्क :**

नगरपालिकाले सार्वजनिक, स्थानीय सरकारको नाममा रहेको र ऐलानी जग्गा र त्यस्ता जग्गामा रहेका पोखरी, हाटबजार, प्रदर्शनी स्थल र ती ठाउँमा राख्न अस्थायी अनुमति दिएका पसलमा बहाल विटौरी शुल्क लगाई उठाउन सक्नेछ।

**४७. जडीबुटी, कवाडी र जीव जन्तु शुल्क :**

नगरपालिकाले जडीबुटी, कवाडी र जीवजन्तुको कारोवारमा शुल्क लगाई उठाउन सक्नेछ।





**४८. पूर्वाधार सडक उपयोग सेवा शुल्क :**

(१) नगरपालिकाले आफ्नो क्षेत्र भित्र सवारी साधनलाई राष्ट्रिय राजमार्ग बाहेकका सडक उपयोग गरे बापत पूर्वाधार उपयोग सेवा शुल्क लगाई उठाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको शुल्क सवारीको प्रवेशको आधारमा पटक वा एकमुष्ट समयावधीको आधारमा संकलन गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिम पटक वा समयावधीको आधारमा सेवा शुल्क संकलन गर्ने दर तोकिए बमोजिम हुनेछ।

**४९. केवलकार जीपलाइन प्याराग्लाइडिङ आदि शुल्क :**

(१) नगरपालिकाले आफ्नो क्षेत्र भित्र संचालन भएका केवलकार जीपलाईन प्याराग्लाईडिङमा तोकिए बमोजिम शुल्क लगाई उठाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सेवा संचालनकले प्रवेश टिकटमा नै तोकिए बमोजिम समावेश गरी संकलन गर्नु पर्नेछ।

**५०. अन्य शुल्क लगाउन सक्ने :**

(१) नगरपालिकाले अनुसूची २ मा उल्लिखित बिषय र क्षेत्रमा शुल्क लगाई उठाउन सक्नेछ।

(२) स्थानीय सरकारले संविधान र अन्तर सरकारी वित्तीय व्यवस्थापन विधयेक, २०७४ को विपरित नहुने गरी आफूले प्रदान गरेको सेवा, सुविधा र व्यवस्थापन गरेका थप वा नयाँ क्षेत्र वा विषयमा शुल्क लगाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम सेवा शुल्क लगाउने वा त्यसको दरमा हेरफेर गरेको कुराको विवरण स्थानीय सरकारले त्यस्तो निर्णय भएको मितिले सात कार्य दिन भित्र नगर सभाको वैठक चलेको समयमा सभामा र त्यस्तो वैठक नचलेको समयमा त्यस पछी वस्ने सभाको पहिलो वैठकमा पेश गर्नु पर्नेछ।

**५१. छुट वा मिनाहा :**

(१) नगरपालिकाले खास अवस्थामा यस विधयेक बमोजिम लाग्ने वा लागेको कर तथा गैरकर राजश्वमा आधार र कारण खुलाई आंशिक वा पूर्ण रूपमा छुटदिन वा मिनाहा गर्न सक्नेछ। यसरी

छुट दिंदा समान अवस्थाका सवै करदातालाई समान व्यवहार गरिनेछ ।

(२) नेपाल सरकार वा प्रदेश सरकारले कुनै परियोजना वा विकास कार्यका लागि खास सामाग्री, कारोवारमा कर नलाग्ने व्यवस्था गरेकोमा स्थानीय सरकारले तत्तत्सरकारसंग समन्वय गरी कर छुट सम्वन्धी सो व्यवस्थाको पालना गर्ने गराउनेछ ।

(३) उपदफा (१) बमोजिम कर तथा गैरकर राजश्वमा छुट वा मिनाहा दिएको विवरण नगर सभाको बैठक चलेको समयमा सभामा र सभाको बैठक नचलेको समयमा त्यसपछि वस्ने सभाको पहिलो वैठकमा पेश गर्नु पर्नेछ ।





## परिच्छेद -१५
## समन्वय सम्बन्धी व्यवस्था

**५२. नेपाल सरकारसँग समन्वय :**

(१) नगरपालिकाले संघीय कानून वा यस ऐन बमोजिम असुल उपर गर्नुपर्ने कर वा गैरकर राजश्व असूल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको एकद्वार प्रणाली अपनाउन नगरपालिका वा नगरपालिकाले अधिकार सुम्पेको अधिकृत वा करअधिकृतले नेपाल सरकार वा नेपाल सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(३) नगरपालिकाले संविधानको साझा सूचीमा रहेका बिषयसँग सम्बन्धित कर वा गैरकर राजश्वका आधार र दर वा कर प्रशासनका सम्बन्धमा नेपाल सरकारसँग समन्वय गर्न सक्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिमको व्यबस्था अन्तर्गत समन्वय गरी टुंगोमा पुगिएका बिषयहरु यस विधयेकमा परे सरह मानिनेछ र ती व्यवस्थाका हकमा यस विधयेकमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि सोही अनुसार कार्यान्वयन गर्नुपर्नेछ ।

(५) नेपाल सरकारले संघीय कार्यालयबाट करदातालाई करचुक्ता प्रमाणपत्र दिदा नगरपालिकाको करचुक्ता प्रमाणपत्रको आधारमा मात्र उपलब्ध गराउनु पर्नेछ ।

**५३. प्रदेश सरकारसँग समन्वय :**

(१) नगरपालिकाले प्रदेश कानून वा यस ऐन बमोजिम असूल उपर गर्नुपर्ने कर वा गैरकर राजश्व असूल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको एकद्वार प्रणाली अपनाउन नगरपालिका वा नगरपालिकाले अधिकार सुम्पेको अधिकृत वा कर अधिकृतले नेपालसरकार वा नेपाल सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसंग समन्वय गरी आवश्यक व्यवस्था गर्न

सक्नेछ ।

(३) नगरपालिकाले संविधानको साझा सूचीमा रहेका बिषयसँग सम्बन्धित कर वा गैरकर राजश्वका आधार वा दर वा कर प्रशासनका सम्बन्धमा प्रदेश सरकारसँग समन्वय गर्न सक्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिमको व्यबस्था अन्तर्गत समन्वय गरिएका बिषयहरु यस विधयेकमा परे सरह मानिनेछ र ती व्यवस्थाका हकमा यस विधयेकमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि सोही अनुसार कार्यान्वयन गर्नु पर्नेछ ।

(५) प्रदेश सरकारले प्रदेश कार्यालयबाट करदातालाई करचुक्ता प्रमाणपत्र दिदा नगरपालिकाको करचुक्ता प्रमाणपत्रको आधारमा मात्र उपलब्ध गराउनु पर्नेछ ।

**५४. केन्द्रीय बैंकसँग समन्वय :**

नगरपालिकाले कर र गैरकर राजश्व संकलनका सम्बन्धमा केन्द्रीय बैंक (नेपाल राष्ट्र बैंक) सँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

**५५. अन्य निकाय, कार्यालय र संस्थासँग समन्वय :**

नगरपालिका वा सोको कुनै अधिकृतले कर तथा गैरकर राजश्वसँग सम्बन्धित बिषयमा नेपाल सरकार र प्रदेश सरकार अन्तर्गतका सरकारी निकाय, बैंक वा संस्था सँग समन्वय गर्न सक्नेछ ।





## परिच्छेद -१६
## राजस्व प्रस्ताव तर्जुमा तथा सूचना सम्बन्धी व्यवस्था

**५६. राजस्व सम्वन्धी नयां प्रस्ताव :**

नगरपालिकाले कर तथा गैरकर सम्वन्धि नयाँ कर प्रस्ताव तयार गर्दा सरोकारवालासँग परामर्श गर्नुपर्नेछ ।

**५७. सूचना सार्वजनिक गर्नुपर्ने :**

(१) यस कानुन बमोजिम नगरपालिकाले लगाएको कर र गैरकर राजश्व उठाउने कार्यालयको प्रमुखले सो कर र राजश्वका दर र त्यसमा भएको हेरफेर सम्बन्धी सूचना सर्वसाधारणको लागि सार्वजनिक गर्नुपर्नेछ ।

(२) नगरपालिकाले उपदफा (१) बमोजिमका कर, राजश्वका दर र त्यसमा भएको हेरफेर समेत मिलाई नगरपालिकाको वेभसाइटमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) स्थानीय सरकारले कर र राजश्वका दर र हेरफेर सम्बन्धी विवरण केन्द्रीय सूचना प्रणालीमा समेत राख्ने प्रयोजनका लागि नेपाल सरकार अर्थमन्त्रालय वा सो मन्त्रालयले तोकेको कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद -१७
## विविध

**५८. विद्युतीय माध्यमको प्रयोग गर्न सक्ने :**

यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि नगरपालिकाले विद्युतीय माध्यम (अनलाइन) बाट करदातालाई सूचना दिने, करदाताले आफ्नो विवरण र प्रमाण पेश गर्ने, कर लगायतको तिर्नु बुझाउनु पर्ने रकम दाखिला गर्ने एवं कर वा त्यस्तो रकम बुझाएको रसिद दिने लगायतका कर सम्बन्धी अन्य काम कारवाही गर्न सकिने व्यवस्था गर्न सक्नेछ ।

**५९. ठेक्कामा लगाउन नपाइने:**

प्रचलित कानूनले नगरपालिका आफूले नै असुल गर्नुपर्ने भनि उल्लेख गरेको कुनै कर वा राजस्व अरु कसैलाइ ठेक्का लगाई उठाउन पाइने छैन ।

**६०. अनुसूचीमा हेरफेर :**

नगरकार्यपालिकाले यस विधयेकको अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ र त्यसरी गरिएको हेरफेरको सूचना सभाको बैठक बसेको भए बैठकमा र तत्काल वैठक नबसेको भए त्यसपछि वस्ने सभाको पहिलो वैठकमा पेश गर्नुपर्नेछ ।

**६१. कागजातको ढाँचा :**

(१) यो ऐन र यस ऐन अन्तर्गत बनेको निर्देशिकामा उल्लेख नभएको वा नतोकिएको कुनै विवरण, ढाँचा, तरीका वा जानकारी सम्बन्धमा आवश्यक व्यवस्था गर्न उपयुक्त देखिएमा नगरपालिकाले आदेश वा सूचना जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका आदेश वा सूचना सर्वसाधारणको जानकारीको लागि नगरपालिकाको कार्यालय सूचनापाटी, वेभसाइट र स्थानीय पत्रपत्रिकाको माध्यमबाट उपलब्ध गराउन सकिनेछ ।

**६२. सूचना तामेली रित पुगेको मानिने :**

(१) यस ऐन बमोजिम दिनुपर्ने म्याद, सूचना वा कागजात देहाय





बमोजिम बुझाए वा पठाएमा सम्बन्धित व्यक्तिलाई बुझाएको वा दिइएको मानिनेछ :

(क) सम्बन्धित व्यक्तिलाई नै बुझाएको,

(ख) निजको परिवारको उमेर पुगेको सदस्यलाई बुझाएको,

(ग) निजको कानून व्यवसायी वा लेखापाललाई बुझाएको,

(घ) नावालिगको हकमा संरक्षक वा माथवर व्यक्तिलाई बुझाएको,

(ङ) कार्यालय संस्था वा निकायको हकमा प्रबन्धक वा प्रशासकीय प्रमुखलाई बुझाएको।

(च) करदाताको ठेगानामा हुलाकबाट रजिष्ट्री गरी पठाएको।

(२) कर एकाईको अधिकृतको नाम र पद खुल्ने गरी दस्तखत गरिएको, कम्प्यूटर प्रविधिबाट इनस्क्रीप्ट वाइन कोड गरिएको, छाप लगाइएको वा सो कागजातमा लेखी यस विधयेक बमोजिम जारी गरिएको, तामेली गरिएको वा दिइएको कागजातलाई रीत पूर्वकको मानिनेछ ।

**६३. कागजातको अभिलेख राख्ने :**

(१) यस ऐन बमोजिम कर बुझाउनु पर्ने दायित्व भएको प्रत्येक व्यक्ति वा करदाताले देहाय बमोजिमका आवश्यक कागजातहरु सुरक्षित गरी राख्नुपर्नेछ ।

(क) यस विधयेक बमोजिम नगरपालिकामा पेश गर्नुपर्ने कागजात र सोलाई पुष्ट्याई गर्ने सूचना तथा कागजात ।

(ख) कर निर्धारण गर्न सघाउ पुर्याउने कागजातहरु ।

(ग) खर्च कट्टी गर्नुपर्ने भए सोलाई पुष्ट्याई गर्ने कागजात ।

(२) नगर कार्यपालिकाले लिखित रुपमा सूचना जारी गरी अन्यथा तोकेकोमा बाहेक यस दफा बमोजिमका कागजातहरु सम्बन्धित आय बर्ष समाप्तभएको मितिले कम्तिमा ४ बर्षको अवधि सम्म सुरिक्षत राख्नुपर्नेछ ।

**६४. अदालतलाई भए सरहको अधिकार हुने :**

यस ऐनको प्रयोजनको लागि नगरपालिकाको अधिकार प्राप्त अधिकृतलाई सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान, गराउने, प्रमाण बुझ्ने र लिखतहरु

पेश गर्न लगाउने सम्बन्धमा प्रचलित नेपाल कानून बमोजिम अदालतलाई भए सरहको अधिकार हुनेछ ।

६५. **आदेश वा निर्देशन दिन सक्ने** :

संघीय र प्रदेश सरकारले कर प्रशासनलाई प्रभावकारी बनाउन नेपालको संविधान र संघीय तथा प्रदेश सरकारको कर सम्बन्धी कानून र यो विधयेकको प्रावधानलाई कार्यान्वयन गर्न गराउन आवश्यक आदेश वा निर्देशन दिन सक्नेछ। यस्तो आदेश वा निर्देशन पालना गर्नु नगर कार्यपालिकाको कर्तव्य हुनेछ ।

६६. **कर अधिकृतको परिचय-पत्र** :

राजश्व शाखामा काम गर्ने प्रत्येक कर अधिकृत र अन्य कर्मचारीले परिचयपत्र आफ्नो साथमा राख्ने, काम गर्ने समयमा लगाउने र कर्तव्य पालनाको सिलसिलामा परिचयपत्र सम्बन्धित व्यक्तिलाई देखाउनु पर्नेछ ।

६७. **विभागीय कारवाही र सजाय हुने** :

(१) कर अधिकृत वा कर प्रशासनसँग सम्बन्धित कुनै कर्मचारीले कर तिर्नु बुझाउनुपर्ने दायित्व भएको व्यक्ति वा करदातालाई हानि नोक्सानी पुर्याउने, करको दायित्व घटीबढी गर्ने, समान अवस्थामा कर दाताबीच असमान व्यवहार गर्ने, कुनै करदातालाई अनुचित फाइदा पुर्याउने वा करदाताबाट आफ्नो वा अरु कसैको निजी स्वार्थ पूर्ति गर्ने उद्देश्यले कुनै काम गरेमा वा कानून बमोजिम गर्नुपर्ने काम समयमा नगरी दुख वा हैरानी दिएमा सम्बन्धित व्यक्तिले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत समक्ष उजुर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुर परेमा प्रमुख प्रशासकीय अधिकृतले आवश्यक छानबिन गरी सम्बन्धित कर्मचारीको सेवा सम्बन्धी कानून बमोजिम आफूलाई कारवाही गर्ने अधिकार भएको विषयमा आफैले विभागीय कारवाही गर्ने र कारवाही गर्ने अधिकार नभएको विषयमा विभागीय कारवाहीको लागि अधिकार प्राप्त अधिकारी समक्ष राय साथ पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम छानविन गर्दा प्रचलित कानून बमोजिम अनुचित कार्य गरेको कुरा खुल्न आएमा अधिकार प्राप्त अधिकारीले





आवश्यक कारवाही गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम छानविन र कारवाही गर्दा प्रमाण नष्टहुन सक्ने भएमा कार्यकारी अधिकृतले त्यस्तो कर अधिकृत वा अन्य कर्मचारीलाई सम्बन्धित सेवा सम्बन्धी कानुन बमोजिम निलम्बन गर्न सक्नेछ ।

(५) उपदफा (२) बमोजिम छानबिन गर्ने अवधी भर सो अधिकृतलाई कर अधिकृतको जिम्मेवारीबाट अलग राखिनेछ ।

(६) उपदफा (३) बमोजिमको छानविन गर्ने र करअधिकृतको जिम्मेवारीबाट अलग राख्ने अवधि तीन महिना भन्दा बढी हुनेछैन ।

६८. **पुरष्कृत गर्न सक्ने** :

(१) नगरपालिकाले यथार्थ परकर विश्वासनीय रुपमा तथा कानूनले तोकेको म्याद भित्र कर विवरण बुझाउने, लागेको कर दाखीला गर्ने र करअधिकृतले अनुरोध गरेका सूचना उपलब्ध गराउने तीन जना करदाता लाई प्रत्येक वर्ष पुरष्कार दिने व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइने पुरष्कार सम्बन्धी अन्य व्यवस्था नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

६९. **म्याद, हद म्याद नजाने** :

यस विधयेकमा अन्यत्र जुनसुकै कुराले खिएको भएपनि यस विधयेक बमोजिम म्याद वा हदम्याद गणना गर्दा देहायको अवधि बाहेक गरी गणना गरिनेछ ।

(क) अदालतबाट स्थगन वा कर अधिकृत वा अन्य सरकारी निकायबाट रोक्का वा स्थगन भएको अवधि,

(ख) पुनरावेदन गरेकोमा पुनरावेदन तहको अन्तिम निर्णय भएको जानकारी प्राप्त नभएसम्मको अवधि

७०. **नियम बनाउने अधिकार** :

यस ऐन बमोजिमको काम प्रभावकारी रूपमा गर्न नगरपालिकाले आवश्यक नियम निर्देशिका वा दिग्दर्शन बनाउन सक्नेछ ।

७१. **विधयेकमा संशोधन** :

यसऐन आवश्यक संशोधन गर्नुपरेमा सभाले गर्नेछ ।

## अनुसूची – १
### (दफा १० उपदफा (४) को (घ) सँग सम्बन्धित
### ह्रासकट्टी गर्ने तरिका

यस ऐन वमोजिम सम्पत्तिको ह्रासकट्टी गर्ने तरीका समान कट्टी तरिका ( युनिफर्म चार्ज मेथड) को फिक्सड इन्सटालमेण्ट मेथड अनुसार हुनेछ। यसको गणना देहाय वमोजिम गर्नु पर्नेछ।

**सूत्र :**

$$\text{ह्रासकट्टी रकम} = \frac{\text{सम्पत्तिको प्रारम्भिक मूल्य - अनुमानित शेष मूल्य}}{\text{सम्पत्तिको आयु (वर्ष)}}$$

**उदाहरण :**

कुनै सम्पत्तिको मूल्य शुरुमा रु.१००००००।- छ। यसको आयु २० बर्ष छ। २० बर्ष पछि यो सम्पत्ति बिक्री गर्दा रु.२०००००।- आउंछ भने यसको प्रति बर्ष ह्रासकट्टी रकम निम्नानुसार हुन्छ।

$$\text{ह्रासकट्टी रकम} = \frac{१००००००-२०००००}{२०}$$

$$= \frac{८०००००}{२०}$$

$$= ४००००।-$$

प्रति वर्ष रु. ४००००।- ह्रास कट्टी खर्च घटाउन पाइन्छ।





## अनुसूची – २
### (दफा ५० को उपदफा (१) सँग सम्बन्धित
### स्थानीय सरकारले शुल्क लगाई उठाउन सक्ने विषय क्षेत्र

१. खानेपानी, धारा, पोखरी र घाट
२. बिजुली
३. टेलिफोन
४. वातावरण, फोहर मैला व्यवस्थापन, सरसफाई र ढल व्यवस्थापन
५. शौचालय, स्नानगृह
६. सार्वजनिक पार्क
७. हाट बजार
८. पशु बधशाला
९. अतिथि गृह र छात्रवास
१०. अचल सम्पत्ति मुल्यांकन शुल्क
११. मर्मत सुधार (आफूले निर्माण गरेका यस अनुसूचीमा उल्लिखित साधन र सुविधाको मर्मत सुधारमा लाग्ने खर्च सम्बन्धी)

**आज्ञाले,**
**बिनोदकुमार न्यौपाने**
**प्रमुख प्रशासकीय अधिकृत**